# नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

एफएनजे न्यूजलेटर जेठ–असार २०७५ | FNJ Newsletter June-July 2018


## आमसञ्चार माध्यमसम्बन्धी विधेयकको मस्यौदा

# महासंघद्वारा सरकारलाई हस्तान्तरण



**नेपाल** पत्रकार महासंघले आमसञ्चार माध्यमसम्बन्धी विधेयक २०७५ को मस्यौदा तयार पारी सरकारलाई हस्तान्तरण गरेको छ। २०७५ साल असार २२ गते महासंघका अध्यक्ष गोविन्द आचार्यले नेतृत्व गर्नु भएको टोलीले सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटालाई भेटी विधेयकको मस्यौदा हस्तान्तरण गरेको हो।

संविधानप्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सुसूचित हुन पाउने हकलाई सुनिश्चित गर्न स्वतन्त्र, पारदर्शी र व्यावसायिक आमसञ्चारमाध्यमको दीगो विकास, प्रवर्द्धन र नियमनमार्फत् संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्न आवश्यक भएको भन्दै महासंघले आमसञ्चार माध्यमसम्बन्धी विधेयक तयार पारेको हो।

मस्यौदामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सुसूचित हुन पाउने नागरिकको हकलाई सुनिश्चित गर्न आमसञ्चारमाध्यमको विकास, प्रवर्द्धन र नियमनका लागि राष्ट्रिय आमसञ्चार प्राधिकरण स्थापना गरिने उल्लेख गरिएको छ। जसको उद्देश्य संविधानले प्रत्याभूत गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको सुनिश्चितताका लागि सञ्चारमाध्यमको संरक्षण, विकास र प्रवर्द्धन गर्ने, सञ्चारमाध्यमको स्वतन्त्रता र मर्यादामाथिको हस्तक्षेप वा अवरोध हुन नदिने र कार्यगत स्वतन्त्रता सुनिश्चित गर्ने, स्वतन्त्र, व्यावसायिक र जनउत्तरदायी मिडियाको संस्थागत विकासका लागि स्वतन्त्र, निष्पक्ष र स्वायत्तरूपमा दर्ता, इजाजत, तथा नियमन प्रणालीको विकास गरी लगानी र सञ्चालनको पारदर्शिता एवं उचित श्रम

अभ्यासको वातावरण बनाउने छ। यस्तै लोकतन्त्रको वास्तविक अभ्यासका लागि मिडिया बहुलता र समावेशीताको प्रवर्द्धन गर्दै सार्वजनिक सदाचार र नैतिकता कायम राख्न सञ्चार क्षेत्रलाई मर्यादित, जिम्मेवार र स्तरीय बनाउने उल्लेख गरिएको छ।

प्राधिकरणको काम, कर्तव्य र अधिकारमा प्राधिकरणको वार्षिक नीति, कार्यक्रम, बजेट तयार गरी नेपाल सरकारसमक्ष पेश गर्ने, रेडियो, टेलिभिजन र केबुल वितरक सञ्चालनको अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने र नियमन गर्ने, पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, रेडियो, एफ.एम., सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने व्यवस्था गरिएको छ। यस्तै रेडियो र टेलिभिजनका लागि फ्रिक्वेन्सी योजना निर्माण गर्ने, त्यसको म्यापिङ गरी सङ्घ, प्रदेश र स्थानीय तहमा वितरण गर्ने, एफ एम रेडियो र टेलिभिजनले प्रयोग गरेको फ्रिक्वेन्सीसम्बन्धी विवाद समाधान गर्ने, आमसञ्चार प्रविधिको प्रयोग

> लोकतन्त्रको वास्तविक अभ्यासका लागि मिडिया बहुलता र समावेशीताको प्रवर्द्धन गर्दै सार्वजनिक सदाचार र नैतिकता कायम राख्न सञ्चार क्षेत्रलाई मर्यादित, जिम्मेवार र स्तरीय बनाउने कुरा मस्यौदामा उल्लेख गरिएको छ ।

र विकास प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने, आमसञ्चारका माध्यम र पत्रकारलाई दिइने सुविधाका सम्वन्धमा नीतिगत सुझाव दिने, प्राधिकरणको वार्षिक प्रतिवेदन तयार गरी संसद्समक्ष पेश गर्ने, आमसञ्चार माध्यमसम्बन्धी हकको संरक्षण, प्रचलन र प्रवर्द्धन गर्ने गराउने लागयतका छन्।

यस्तै विधेयकको मस्यौदामा पत्रपत्रिकासम्बन्धी व्यवस्था, प्रसारणसम्वन्धी व्यवस्था, अनलाइनसम्बन्धी व्यवस्था, समाचार एजेन्सीसम्बन्धी व्यवस्था, प्रशिक्षण प्रतिष्ठानसम्बन्धी व्यवस्था, पत्रकारिता प्रवर्द्धन तथा विकास कोषसम्बन्धी व्यवस्था, स्वनियमनको व्यवस्था, आमसञ्चारको स्वामित्व हस्तान्तरण, आमसञ्चारमाध्यम सञ्चालन सुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्ने, सजाय र पुनरावेदन, पत्रकार र आमसञ्चारमाध्यमको सुरक्षालगायतको व्यवस्था पनि मस्यौदामा राखिएको छ।

# महासंघद्वारा स्वमूल्याङ्कन विधि तयार

**नेपाल** पत्रकार महासंघले स्वमूल्याङ्कन विधि तयार पारेको छ। नेपाली मिडियामा आन्तरिक सुशासन र स्वनियमनलाई प्रवर्द्धन गर्ने सहयोग गर्ने उद्देश्यले महासंघले स्वमूल्याङ्कन विधि तयार पारेको हो। विधिमा सार्वजनिक जवाफदेहिता र पारदर्शिता, सम्पादकीय नीति, जनशक्ति नीति तथा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई समावेश गरिएको छ।

**स्वमूल्याङ्कनका मुख्य क्षेत्र**

- सार्वजनिक जवाफदेहिता र पारदर्शिता
- सम्पादकीय नीति
- जनशक्ति नीति
- लैंगिक समानता र सामाजिक समावेशीकरण

सार्वजनिक जवाफदेहिता र पारदर्शितामा दर्शक/स्रोता/पाठकप्रति जवाफदेही र आर्थिकरूपमा पारदर्शी हुनका लागि अवलम्बन गरिने नीति तय गर्ने, राजनीतिक वा व्यापारिक दृष्टिले कुनै प्रभाव वा हस्तक्षेपबाट समाचार वा समाचार सामग्रीलाई स्वतन्त्र राख्न स्वार्थ बाझिने क्षेत्रलाई न्यूनीकरण गर्नेसम्बन्धी नीति तय गर्ने, भ्रष्टाचार प्रकरणसम्बन्धी समाचार सामग्रीको खोजी र प्रकाशन प्रसारणका क्रममा कुनै प्रभाव वा हस्तक्षेपबाट मिडियाको विषयवस्तुलाई मुक्त राख्नेसम्बन्धी नीति तय गर्ने, सञ्चार संस्थाहरूले स्वीकार गर्ने र नगर्ने विज्ञापन, त्यस्तो विज्ञापनमा एकाधिकार हुन नदिन अपनाइने सावधानी र विषयवस्तुका क्षेत्र समेटिने गरी संस्थाको विज्ञापन नीति तय गर्ने समेटिएको छ।

विधिमा सार्वजनिक जवाफदेहिता र पारदर्शिता, सम्पादकीय नीति, जनशक्ति नीति तथा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई समावेश गरिएको छ।

सम्पादकीय नीतिअन्तर्गत समाचार कक्षले स्वतन्त्र र स्वायत्तरूपमा काम गर्ने सुनिश्चिततासहितको सम्पादकीय नीति सार्वजनिक गर्ने, सार्वजनिक जवाफदेहिता र स्वनियमनका लागि संस्थामा आवद्ध पत्रकार, कर्मचारी र संस्था स्वयंको निम्ति आचारसंहिता लागू गर्ने, प्रकाशित/प्रसारित सामग्रीको बारेमा जनगुनासो सुनुवाइ गर्ने संयन्त्र निर्माण गर्ने, मिडियामा बहुलता र विविधताको प्रवर्द्धनका निम्ति आवश्यक नीति तय गर्ने राखिएको छ।

यस्तै जनशक्ति नीतिअन्तर्गत कर्मचारी सेवा, शर्त, सुविधासम्बन्धी नियमावली वा विनियमावली तत्काल जारी गरी लागू गर्ने, सञ्चार संस्थामा श्रमजीवी पत्रकार, कर्मचारी, कामदारको पदको तहगत वर्गीकरण गर्ने, पत्रकार सुरक्षा र नियमित तालिम तथा अध्ययनको व्यवस्था गर्ने उल्लेख गरिएको छ। लैंगिक समानता र सामाजिक समावेशीकरणअन्तर्गत संस्थामा लैंगिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी आन्तरिक नीति तय गरी लागू गर्ने, पत्रकार, कर्मचारी, कामदारले यौनजन्य हिंसाबाट पीडित भएको गुनासो गरेमा त्यसको सुनुवाइ गर्ने संयन्त्र निर्माण गर्ने, लैंगिक आधारमा समान काम र पदमा पारिश्रमिक वा सुविधामा विभेद नगर्ने, संस्थाले अपनाएको लैंगिक समानता र सामाजिक समावेशीकरण नीतिको स्वमूल्याङ्कन गर्ने उल्लेख गरिएको छ।

पारस्परिक जवाफदेहिता परियोजनाको सहयोगमा तयार पारिएको स्वमूल्याङ्कन विधिमा स्वमूल्याङ्कन सूचक पनि समावेश गरिएको छ। सञ्चार संस्थाहरूले अपनाउने स्वमूल्याङ्कका प्रमुख चार क्षेत्रहरू सार्वजनिक जवाफदेहिता र पारदर्शिता, सम्पादकीय नीति, जनशक्ति नीति तथा लैंगिक समानता र समावेशीकरण सम्बन्धमा आन्तरिक सुशासन र स्वनियमनका लागि निश्चित सूचक निर्धारण गरी आवधिक समीक्षाका लागि कम्तीमा प्रत्येक आर्थिक वर्षमा एकपटक स्वमूल्याङ्कन गर्नु उपयुक्त हुने पनि उल्लेख गरिएको छ।

'यसको कार्यान्वयनले सञ्चार संस्थाहरूलाई आमनागरिकप्रति जवाफदेही बनाउने छ भने संस्थालाई पारदर्शी गर्ने छ। यसबाट स्वच्छ र व्यावसायिक पत्रकारिताको विकासमा मद्दत पुग्नुका साथै मिडिया उद्योगको संस्थागत विकासमा पनि ठूलो टेवा पुग्ने निश्चित छ'-स्वमूल्याङ्कन विधिमा उल्लेख गरिएको छ।

# नियन्त्रण मान्य छैनः उपाध्यक्ष पोखे्रल





नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखे्रलले मर्यादित पत्रकारिताका नाममा मिडियामा हुने कुनै पनि खालको नियन्त्रण मान्य नहुने बताउनु भएको छ ।

सरकारको नीति तथा कार्यक्रममा मिडियालाई मर्यादित र जिम्मेवार बनाइने उल्लेख गरिएकोमा २०७५ साल जेठ ७ गते महासंघमा आयोजित कार्यक्रममा उपाध्यक्ष पोखे्रलले त्यसलाई प्रष्ट पार्न सरकारलाई आग्रह गर्नुभयो । 'सहजीकरणका लागि उल्लेख गरिएको हो भने ठीक छ, उहाँले भन्नुभयो, तर नियन्त्रण गर्न आशय भए मान्य हुँदैन ।'

कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्टले कानुनी रूपमै सञ्चारमाध्यममाथि नियन्त्रण गर्ने प्रवृति विश्वव्यपी रूपमा बढिरहेको भन्दै त्यसप्रति सचेत हुनुपर्ने बताउनुभयो ।

महासंघका सल्लाहकार तीर्थ कोइरालाले मिडियामा पेशागत असुरक्षा र स्वनियन्त्रण रहेको भन्दै पत्रकारिता क्षेत्रमा रहेका कमजोरीलाई न्यूनीकरण गर्न पत्रकारलाई पनि सचेत गराउनुपर्ने बताउनुभयो ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीले मिडियामा पेशागत असुरक्षा भए पनि समितिमा उजुरी भने कम आउने गरेको बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका सूचना अधिकारी डा. टिकाराम पोखरेलले मिडिया राष्ट्रिय मानव अधिकार आयोगको सहयोगीका रूपमा रहेको भन्दै मिडियामा आएपछि नै धेरै जसो घटनाको अनुसन्धान गर्ने बताउनु भयो ।

प्रेस काउन्सिलका सूचना अधिकारी दिपक खनालले आचासंहिता उल्लङ्घनका घटनाहरू बढिरहेको भन्दै सबैभन्दा बढी उजुरी अनलाइनबारे परेको बताउनुभयो । अहिलेसम्म एक सय उजुरी परेको जानकारी दिँदै उहाँले त्यसमध्ये ६० वटा अनलाइनसम्बन्धी भएको बताउनुभयो । सूचना अधिकारी खनालले कतिपय अवस्थामा पत्रकारहरूले जानेरै आचारसंहिता उल्लघंन गर्ने गरेको बताउनु भएको थियो ।

## फुटबल खेल आयोजना सम्बन्धी नेपाल पत्रकार महासंघ महिला समितिको सूचना

नेपाल पत्रकार महासंघ, महिला समितिद्वारा 'महिला पत्रकार कोषका लागि एक गोल' भन्ने नाराका साथ यही २०७५ साउन १२ गते शनिबार फुटबल खेल आयोजना गर्न लागेको जानकारी गराइन्छ । उक्त खेलमा भाग लिन इच्छुक महिला पत्रकारहरूले तपसिलका महासंघका केन्द्रीय सदस्य तथा महिला समिति सदस्यसँग सम्पर्क गरी असार २६ गतेभित्र नाम दर्ता गराउन सक्नुहुनेछ । दर्ता शुल्क रु. १००/- लाग्नेछ । यस खेलबाट संकलित रकम महिला पत्रकार कोष खडा गरी जम्मा गरिने उद्देश्य महासंघले लिएको छ ।

**तपसिल**

१. मधु शाही ९८४३४९६९५८ (प्रिन्ट मिडियामा कार्यरत पत्रकारले सम्पर्क गर्ने)
२. श्वेता सिन्हा ९८५१००७३५८ (टिभीमा कार्यरत पत्रकारले सम्पर्क गर्ने)
३. मिरा राजभण्डारी ९८४१४८०२३८ (रेडिया र एफएम मिडियामा कार्यरत पत्रकारले सम्पर्क गर्ने)
४. जानुका बराल ९८५१२३२०३२ (अनलाइनमा कार्यरत पत्रकारले सम्पर्क गर्ने)
५. सिर्जना अर्याल ९८४५१५००४ (स्वतन्त्र पत्रकार तथा साहित्यकारले सम्पर्क गर्ने)

**लक्ष्मी पुन**
सचिव एवं
संयोजक, महिला समिति

# ६१३ पत्रकारको दुर्घटना बीमा

चालु आर्थिक वर्ष २०७४/०७५ को पत्रकार दुर्घटना बीमा अन्तर्गत पहिलो चरणमा ६१३ पत्रकारको दुर्घटना बीमा जेठ ८ गतेदेखि लागू भएको छ।

सूचना विभागमा आयोजित कार्यक्रममा विभागका महानिर्देशक बालकृष्ण घिमिरे र महासंघका कोषाध्यक्ष राजेश मिश्रले एनएलजी बीमा कम्पनीका प्रतिनिधिलाई संयुक्त रूपमा चेक हस्तान्तरण गरपछि यो आर्थिक वर्षको पत्रकार दुर्घटना बीमा सुरु भएको हो।

नेपाल पत्रकार महासंघ, सूचना विभाग र एन एनएलजी कम्पनी लिमिटेडबीच २०७४ चैत २ गते भएको सम्झौताबमोजिम ३१० रुपैयाँ ७५ पैसाका दरले ६१३ जना पत्रकारको १,९०,४८९ रुपैयाँ ७५ पैसा बीमाका लागि जम्मा भएको छ। नेपाल पत्रकार महासंघले पत्रकार दुर्घटना बीमाका लागि तीन वर्षदेखि पत्रकारहरूको विवरण संकलन गर्दै आएको छ।

पत्रकार दुर्घटना निर्देशिका २०७० अनुसार २५ प्रतिशत शुल्क पत्रकार स्वयं काम गर्ने सञ्चार गृहले व्यहोर्ने व्यस्था रहेको छ । बाँकी ७५ प्रतिशत शुल्क सरकारी पत्रकार बीमा कोषबाट व्यवस्था हुने व्यहोरा रहेको छ।

उक्त सम्झौता अनुसार श्रमजीवी पत्रकारका लागि ७७ रुपैयाँ ०६९ पैसा पत्रकार काम गर्ने सञ्चारगृहले तिरिदिनु पर्ने छ। बाँकी ७५ प्रतिशतले आउने २३३ रुपैयाँ ०६ पैसा सरकारका तर्फबाट व्यहोरिएको छ।



यो सुविधाबाट कार्यक्षेत्रमा क्रियाशील रहँदा बीमित पत्रकारको चोटपटकका कारण शरीर ७५ प्रतिशतभन्दा बढी अशक्त भएको खण्डमा पाँच लाख रुपियाँसम्म पाउने छन्। त्यस्तै दुर्घटनाबाट उत्पन्न उपचारमा लागेको वास्तविक खर्चको बिलअनुसार दुई लाख रुपियाँसम्म बीमा कम्पनीले व्यहोर्ने छ। उपचारमा लाग्ने २० प्रतिशत बराबरको रकम भने पत्रकार स्वयंले व्यहोर्नुपर्ने पत्रकार दुर्घटना बीमा निर्देशिका, २०७० मा उल्लेख गरिएको छ।

यो आर्थिक वर्ष दोस्रो चरणको पत्रकार दुर्घटना बीमाका लागि पत्रकारको विवरण संकलन भइसकेको छ। दुर्घटना बीमाको सुविधामा सहभागी हुन सूचना विभागको पत्रकार परिचय पत्र लिई नवीकरण गरेको तथा नेपाल पत्रकार महासंघको सिफारित अनिवार्य गरिएको छ। महासंघले बीमा कार्यक्रममा सहभागी हुन सबै पत्रकारलाई आह्वान गरेको छ।

# प्रेस स्वतन्त्रता र पत्रकार आचारसंहिताबारे छलफल

नेपाल पत्रकार महासंघले असार १८ गते प्रेस स्वतन्त्रता र पत्रकार आचारसंहिता विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले सबै पत्रकारले पत्रकार आचारसंहिता पालना गर्न आवश्यक रहेको बताउनुभयो।

प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले पत्रकारले सामाजिक सञ्जालमा लेख्दा पनि ध्यान दिनुपर्ने बताउनुभयो।

नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा.महेन्द्र विष्टले पत्रकार आचासंहिता अनुगमन गर्ने संस्थालाई विवादित गर्न नहुने भन्दै समस्यालाई कानुनी ढंगबाट निष्कर्षमा पुऱ्याउनुपर्ने धारणा राख्नुभयो।

महासंघका पूर्वअध्यक्ष डा.सुरेश आचार्यले पत्रकार आचासंहिता महासंघ र



प्रेस काउन्सिलको संयुक्त सहमतिमा निर्माण भएको हुँदा त्यसको पालनामा महासंघले पनि ध्यान दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा सहभागी पत्रकार तथा कानुन व्यवसायीहरूले आचारसंहिता पालनाले पत्रकारिताको मर्यादा बढाउने हुँदा सबैले पालना गर्न आवश्यक रहेको धारणा व्यक्त गरेका थिए।

# पत्रकारिताको सुरक्षासम्बन्धी प्रतिवेदन सार्वजनिक

**प्रतिवेदनमा नेपालसहित अफगानिस्तान, पाकिस्तान, फिलिपिन्स, इन्डोनेसिया, इराक र कोलम्बियामा पत्रकारको सुरक्षा, चुनौती, तिनीहरूलाई न्यूनीकरण गर्न भएका प्रयासलगायतबारे उल्लेख गरिएको छ ।**

**पत्रकारिताको** सुरक्षासम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक भएको छ । राजधानीमा आयोजित कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्मा, नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य र इन्टरनेशनल मिडिया सपोर्टका मिडिया सल्लाहकार रोबर्ट शावले प्रतिवेदन सार्वजनिक गर्नु भएको हो ।

२०७५ साल जेठ २८ गते आयोजित कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष शर्माले राज्य पक्षले विभिन्न संयन्त्रमार्फत प्रेसका अधिकारलाई अंकुश लगाउन सक्ने हुँदा बेलैमा दबाब दिन पत्रकार सुरक्षा संयन्त्र बनाउन आवश्यक रहेको बताउनु भयो ।




नेपाल पत्रकार महासंघका अध्यक्ष आचार्यले सरकारले नीतिगत र संरचनागत रूपमा प्रेसलाई अप्ठ्यारो पार्ने सम्भावना रहेको भन्दै पत्रकार सुरक्षा संयन्त्र बनाउने कुरालाई छिट्टै निष्कर्षमा पुऱ्याउने बताउनुभयो । उहाँले पत्रकारको भौतिक सुरक्षामा चुनौती कम भए पनि नीतिमार्फत सिङ्गो पत्रकारिताको हत्या गर्ने षडयन्त्र भइरहेको बताउनुभयो ।




प्रतिवेदनबारे नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँले र बाह्रखरी डटकमका प्रधान सम्पादक प्रतिक प्रधानले टिप्पणी गर्नु भएको थियो ।

प्रतिवेदनमा नेपालसहित अफगानिस्तान, पाकिस्तान, फिलिपिन्स, इन्डोनेसिया, इराक र कोलम्बियामा पत्रकारको सुरक्षा, चुनौती, तिनीहरूलाई न्यूनीकरण गर्न भएका प्रयासलगायतबारे उल्लेख गरिएको छ ।



# पुरस्कार वितरण




**महिला,** बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापाले सञ्चार क्षेत्रले बालबालिकाका समाचार संप्रेषण गर्दा संवेदनशील हुनुपर्ने बताउनु भएको छ । बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार-२०७४ तथा लैङ्गिक समानता पत्रकारिता पुरस्कार-२०७४ बाट पुरस्कृत पत्रकार र सगरमाथा आरोहण गर्ने पत्रकारलाई बधाइ दिँदै मन्त्री थापाले समाजमा रहेका विकृति विसंगतिलाई न्यूनीकरणका लागि भूमिका निर्वाह गर्न पत्रकारहरूलाई आग्रह गर्नुभयो ।

२०७५ साल जेठ ३१ गते आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले बालबालिका सम्बन्धित सामाग्रीहरू प्रकाशन तथा प्रसारण गर्दा त्यसले पार्नसक्ने प्रभावबारे पत्रकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बालकल्याण समितिका अध्यक्ष बबिना श्रेष्ठ, केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशक तारक धिताललगायतले पुरस्कृत पत्रकारलाई बधाई दिनुभयो ।

नेपाल पत्रकार महासंघले केन्द्रीय बाल कल्याण समितिको सहकार्यमा बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार-२०७४ अन्तर्गत रेडियोतर्फ रमेश दुलाल (रेडियो कान्तिपुर-उपत्यका) र मनकुमारी पुलामी रेडियो सिद्धबाबा-मोफसल, सिन्धुली र छापामाध्यमतर्फ सुशील दर्नाल (रासस-उपत्यका) त्यस्तै निमेन्द्र शाही (राजधानी दैनिक-मोफसल) बाजुरालाई प्रदान गरिएको छ ।

त्यस्तै टेलिभिजनतर्फ रेणुका आचार्य (नेपाल वातावरण पत्रकार समूह-उपत्यका) र अमृता अनमोल (कान्तिपुर मिडिया-मोफसल रुपन्देही) र कार्यक्रम प्रस्तोतातर्फ दुर्गा कार्की (नेपाल वातावरण पत्रकार समूह) र गीता चिमोरिया (सीआईएन) लाई प्रदान गरिएको छ ।



कार्यक्रममा बालमैत्री सञ्चार निर्देशिका-२०७३ सम्बन्धमा अन्तर्क्रिया र अभिमुखीकरण कार्यक्रम पनि भएको थियो ।

त्यस्तै कार्यक्रममा नेपाल पत्रकार महासंघले संयुक्त राज्य अमेरिकामा क्रियाशील संस्था मदरल्याण्डसँगको सहकार्यमा प्रदान गर्दै आएको 'लैङ्गिक समानता पत्रकारिता पुरस्कार- २०७४' लैङ्गिक समानताको नारासहित सगरमाथा आरोहण गर्ने रोशा बस्नेत, कल्पना महर्जन, रोजिता वुद्धाचार्य, डोमा शेर्पा, देउराली चाम्लिङ्ग र पूर्णिमा श्रेष्ठ तथा सगरमाथा आरोहण प्रयास गर्ने प्रियलक्ष्मी कार्कीलाई संयुक्तरूपमा प्रदान गरियो । सगरमाथा आरोहणमा संलग्न ६ जना पत्रकार महिलालाई संयुक्तरूपमा एक लाख वीस हजार रुपैयाँ र सम्मानपत्रसहित सम्मान गरिएको थियो ।

## फ्रि मिडिया नेटवर्कलाई निरन्तरता दिने निर्णय

**कैलालीको** घनगढीमा बसेको फ्रि मिडिया नेटवर्कको बैठकले फ्रि मिडिया नेटवर्कलाई आगामी दिन पनि निरन्तरता दिने निर्णय गरेको छ । दुई वर्षको समीक्षा गर्न जेठ २८ गते बसेको फ्रि मिडिया नेटवर्कको बैठकले प्रेस स्वतन्त्रताको प्रवर्द्धन र पत्रकारको सुरक्षाको लागि यसको भूमिका महत्वपूर्ण रहेको निष्कर्ष निकाल्दै आगामी दिनमा पनि यसलाई सक्रिय राख्ने निर्णय गरेको हो । यस्तै बैठकले पत्रकारको सुरक्षाको लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरेर अघि बढ्ने निर्णय गरेको छ ।

# समावेशीकरण नीति कार्यान्वयन गर्न आवश्यक

महासंघका अध्यक्ष गोविन्द आचार्यले महासंघ समावेशी ढंगले अघि बढेको बताउँदै मिडियाको सामग्री, समाचार कक्ष र सम्पादकीय समूहमा पनि समावेशीकरण हुनु पर्ने बताउनुभयो ।



**नेपाल** पत्रकार महासंघ समावेशी समितिले मिडियामा समावेशीकरणसम्बन्धी छलफल कार्यक्रम आयोजना गऱ्यो । २०७५ साल असार १९ गते काठमाडौंमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले महासंघ समावेशी ढंगले अघि बढेको बताउँदै मिडियाको सामग्री, समाचार कक्ष र सम्पादकीय समूहमा पनि समावेशीकरण हुनु पर्नेमा जोड दिनुभयो ।

महासंघका उपाध्यक्ष दिलिप थापा मगरले मिडियामा जनशक्ति र सामग्री दुवैमा थप समावेशीकरणका लागि महासंघले सक्रिय भूमिका निर्वाह गर्ने बताउनुभयो ।

कार्यक्रममा प्रस्तुति गर्दै कान्तिपुर पब्लिकेसन्सका अनलाइन सम्पादक खिम घलेले नीति र ऐनमा समावेशी भए पनि समाचार कक्ष र सामग्रीमा अझै समावेशिता हुन नसकेको बताउनुभयो । उहाँले पहिलेको तुलनामा सुधार भए पनि राज्यपक्ष, मिडिया र विभिन्न संगठनले अझै धेरै काम गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

मिडिया र जेन्डर विज्ञ शुभेच्छा बिन्दुले नेपाली मिडिया र त्यसमा समावेश हुने विषयवस्तुमा लैंगिक समानता नरहेको बताउनुभयो । उहाँले मिडियाले सकारात्मक विभेदको नीतिलाई अंगीकार गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

कान्तिपुर दैनिकका ओपेड सम्पादक ध्रुव सिम्खडा, नेपाल आदिवासी जनजाति पत्रकार महासंघका अध्यक्ष दण्ड गुरुङ, सञ्चारिका समूहको उपाध्यक्ष नितु पण्डित लगायतले पहिलेभन्दा मिडियामा समावेशी बढेको बताउँदै समावेशी बढाउनका लागि सो क्षेत्रका व्यक्ति तथा विभिन्न संघसंस्थाहरूले भूमिका निर्वाह गर्नुपर्ने बताउनु भयो । कार्यक्रम इन्टनरनेशनल अलर्टसँगको सहकार्यमा आयोजना गरिएको थियो ।

# सञ्चार नीति र कानून सम्बन्धी कार्यक्रम




**नेपाल** पत्रकार महासंघले कैलाली, सुर्खेत र मोरङमा सञ्चार नीति र कानून सम्बन्धी कार्यक्रम आयोजना गऱ्यो ।




कञ्चनपुरमा स्थानीय सरकार र मिडिया विषयक कार्यक्रम आयोजना गरेको छ ।

प्रदेश र स्थानीय तहमा सञ्चार सम्बन्धी कानूनहरू निर्माण गर्दा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको प्रत्याभूत गर्नका लागि महासंघले विभिन्न स्थानमा कार्यक्रम आयोजना गरेको हो ।

त्यस्तै सुनसरी, पर्सा, रुपन्देही, बाँके र कैलालीमा फ्रि मिडियाको बैठक आयोजना गरेको छ । बैठकका सहभागीहरूले आगामी दिनमा पनि फ्रि मिडिया नेटवर्कलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् ।

बर्दियामा पत्रकार नागरिक अन्तर संवाद कार्यक्रम सम्पन्न गरिएको छ ।

यस्तै सुनसरीमा पनि पत्रकारसँग छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

# महासंघले गरेका कार्यक्रमका केही झलक




इन्टरनेशनल अलर्ट र युरोपियन युनियनको सहकार्यमा नेपाल पत्रकार महासंघले काठमाडौं, सुनसरी, पर्सा, रुपन्देही, बाँके र कैलालीमा सञ्चालन गरेको परियोजनको समीक्षा गर्ने क्रममा महासंघका पदाधिकारी, विज्ञ, महासंघका जिल्ला अध्यक्ष र कार्यक्रमका जिल्ला संयोजकहरू ।

स्वमूल्याङ्कन विधि तयारीका क्रममा रेडियो सञ्चालकसँग छलफल गर्दै महासंघका पदाधिकारी र विज्ञ ।





पत्रकार सुरक्षा संयन्त्र निर्माणसम्बन्धी राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मोहना अन्सारी र सञ्चार विज्ञसँग छलफल गर्दै नेपाल पत्रकार महासंघका पदाधिकारी ।



अन्तर्राष्ट्रिय पत्रकार महासंघसँगको सहकार्यमा नेपाल पत्रकार महासंघद्वारा प्रदेशसभा समितिका पदाधिकारीहरुलाई आयोजित युनियन लिडरसीप तालिम ।



आमसञ्चार माध्यमसम्बन्धी विधेयक तयारीका क्रममा सञ्चारसँग सम्बन्धित विभिन्न संगठनका प्रतिनिधिहरु छलफल गर्दै महासंघका पदाधिकारी ।



आमसञ्चार माध्यमसम्बन्धी विधेयक तयारीका क्रममा राजधानीमा उपलब्ध केन्द्रीय समितिका सदस्यहरु छलफल गर्दै महासंघका पदाधिकारी ।

# महासंघका प्रेस विज्ञप्ति

मिति : २०७५/०२/०३

## प्रेस विज्ञप्ति

राष्ट्रिय समाचार समितिका उप-समाचारदाता पूर्णप्रसाद मिश्रमाथि भएको दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

आज दिउँसो करिब २ बजेर १५ मिनेटमा गोठाटारस्थित बागमती पुल नजिकै भइरहेको बागमती सौन्दर्यीकरणको फोटो खिच्ने क्रममा निर्माण कार्यको फोटो खिच्ने अनुमति कसले दियो भन्दै पत्रकार मिश्रमाथि दुर्व्यवहार गरिएको थियो ।

आफूलाई कालिका कन्स्ट्रक्सनको मान्छे भन्दै पाँच/सातजनाको संख्यामा रहेको उक्त समुहले उहाँको परिचयपत्र केहीबेर नियन्त्रणमा लिनुका साथै पत्रकार मिश्रको फोटो खिचेर छोडेका थिए ।

जनतालाई सुसूचित गराउने कार्यमा जुटेका पत्रकारलाई पेशागत दुरुत्साहन गर्नु प्रेस स्वतन्त्रतामाथिको नियन्त्रण भएको महासंघको ठहर छ । घटनाको सत्यतथ्य छानबिन गरी घटनाका दोषीमाथि कारबाही गर्नुका साथै पत्रकारको पेशागत सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित पक्षसँग महासंघ माग गर्दछ ।

..................
प्रकाश थापा
कार्यवाहक महासचिव

मिति : २०७५/०२/०६

## प्रेस विज्ञप्ति

सञ्चारमाध्यममा प्रकाशित समाचारका विषयलाई लिएर सामाजिक सञ्जालहरूमा असभ्य र पत्रकारको मानमर्दन गर्नेगरी प्रतिक्रिया आउने प्रवृत्तिप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघका केन्द्रीय सदस्य एवं कान्तिपुर दैनिकका उपसम्पादक अवधेशकुमार झाले कान्तिपुर दैनिकमा वैशाख ३१ गते 'अदालतका कर्मचारी शंकाको घेरामा' शीर्षकमा प्रकाशित समाचारलाई फेसबुकमार्फत शेयर गरेपछि जिल्ला प्रशासन कार्यालय सप्तरीका तत्कालीन प्रशासकीय अधिकृत रोहित भट्टराईले अश्लील शब्द प्रयोग गरी पत्रकार झालाई फेसबुकमार्फत गालीगलौज गरेका थिए ।

पत्रकारले लेखेको समाचारप्रति चित्त नबुझेमा त्यसको निरुपण गर्ने उपाय हुँदाहुँदै सार्वजनिक रूपमा गालीगलौज गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सरोकारवाला सबैका साथै सामाजिक सञ्जाल प्रयोगकर्ताहरू समेतलाई महासंघ आग्रह गर्दछ ।

दुई दशकदेखि पत्रकारिता गर्दै आउनु भएका महासंघका केन्द्रीय सदस्य झाले आफूमाथि भएको गालीगलौजका विरुद्ध न्यायिक निरुपणका लागि प्रक्रिया अगाडि बढाउनु भएको छ । उहाँको यो कदममा महासंघ साथसाथै रहेको व्यहोरा जानकारी गराउँदछौं ।

झाले न्यायिक निरुपणका लागि प्रक्रिया अगाडि बढाइसकेपछि पनि विभिन्न नम्बरबाट फोन गरी धम्क्याउने, मानसिक तनाव दिने कार्य भैरहेको छ । महासंघ यो कार्यको भर्त्सना गर्दछ । र, टेलिफोनबाट धम्की दिनेहरूको पहिचान गरी कारबाहीको दायरामा ल्याउन सरकारसँग जोडदार माग गर्दछ । साथै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा व्यावहारिकरूपमा प्रतिवद्ध बन्न, नागरिकको जान्न पाउने अधिकारको सम्मान गर्न महासंघ सबैमा अपिल गर्दछ ।

..................
प्रकाश थापा
कार्यवाहक महासचिव

मिति : २०७५/०२/०९

## प्रेस विज्ञप्ति

केही दिनयता पत्रकारहरूमाथि धम्की तथा प्रेसलाई निरुत्साहित गर्ने घटना बढेकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

लोकतान्त्रिक छापामाध्यम राष्ट्रिय समाजका अध्यक्ष एवम् नयाँ विकल्प राष्ट्रिय साप्ताहिकका प्रधानसम्पादक दामोदरप्रसाद दवाडीलाई सोमबार नयाँ विकल्प साप्ताहिकमा 'अर्थमन्त्रीको गृह नगरमै अनियमितता छचल्कियो' शीर्षकमा प्रकाशित समाचारको विषयलाई लिएर झापा गौरादह नगरपालिका वार्ड नं १ का वडा अध्यक्ष नगेन्द्र भण्डारी र स्थानीय सडक उपभोक्ता समितिका अध्यक्ष देबेन्द्र खड्काले मार्ने धम्की दिएका छन् । पूर्वसभासद् दिपक कार्की र वडा अध्यक्ष भण्डारीले समाचारको स्रोत खोल्न दबाब दिँदै समाचारको स्रोत र सम्वाददाताको पहिचान नखोले राम्रो नहुने भन्दै पटक-पटक धम्क्याएका छन् ।

त्यसैगरी नेपाल पत्रकार महासंघ हुम्ला शाखा उपाध्यक्ष तथा रेडियो कर्णाली आवाज हुम्लाका समाचार संयोजक मिमसिंह नेपालीलाई ९८४८३०९०४६ नम्बरबाट फोन गरी मार्ने धम्की दिइएको छ । हुम्ला जिल्ला साविकको मैला र कालिका गाविसमा कार्यरत रहँदा सचिव गोपालचन्द्र लामालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको विषयमा किन समाचार छापिस् भन्दै लामाका आफन्तले पटक-पटक धम्की दिएका छन् ।

प्रकाशित समाचार प्रकाशन तथा प्रसारणप्रति चित्त नबुझे उजुरी गर्ने कानुनी व्यवस्था हुँदाहुँदै पत्रकारलाई धम्की तथा पेशामा हतोत्साही गराउनु निन्दनीय छ । महासंघ प्रेस स्वतन्त्रतामाथि हुने सबैखाले अनुचित गतिविधिको भर्त्सना गर्दै घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारवाही गर्न सम्बन्धित पक्षसँग माग गर्दछ ।

..................
प्रकाश थापा
कार्यवाहक महासचिव

मिति : २०७५/०२/०९

## प्रेस विज्ञप्ति

महिला पत्रकारहरू रोसा बस्नेत, कल्पना महर्जन, रोजिता बज्राचार्य, देउराली चाम्लिङ, डोमा शेर्पा र पूर्णिमा श्रेष्ठले विश्वको सर्वोच्च शिखर सगरमाथा सफल आरोहण गर्नु भएकोमा नेपाल पत्रकार महासंघ हार्दिक बधाई ज्ञापन गर्दछ। साथै उहाँहरूको सगरमाथा आरोहणमा सहयोग पुऱ्याउने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछ।

सगरमाथा आरोहणमा जानु अघि नेपाल पत्रकार महासंघले उहाँहरूलाई सगरमाथा आरोहणको शुभकामना व्यक्त गर्नुका साथै पत्रकार महासंघको झण्डा हस्तान्तरण गरेको थियो। सगरमाथा आरोहण गरेर कीर्तिमान कायम गर्ने साहसीक कार्यमा लागेकोमा यस अघि नै पत्रकार महासंघले उहाँहरूलाई यस वर्षको लैंगिङक समानता पत्रकारिता पुरस्कारबाट पुरस्कृत गर्ने घोषणा गरिसकेको छ।

..................
प्रकाश थापा
कार्यवाहक महासचिव

मिति : २०७५/०२/१३

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघको लेखा समिति सदस्य मीरा राजभण्डारी अमात्यलाई मातृशोक परेको छ। उहाँकी ममतामयी माता रत्नकेशरी राजभण्डारीको ८८ वर्षको उमेरमा २०७५ जेठ ११ गते निधन भएको हो। उहाँ लामो समयदेखि दम रोगबाट पीडित हुनुहुन्थ्यो। स्वर्गीय राजभण्डारीका तीन छोरी हुनुहुन्छ।

नेपाल पत्रकार महासंघ स्वर्गीय राजभण्डारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतआत्माको चिरशान्तिको कामना गर्दछ। दु:खको यस घडीमा महासंघ लेखा समिति सदस्य मीरा राजभण्डारी अमात्यसहित शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ।

..................
प्रकाश थापा
कार्यवाहक महासचिव

मिति : २०७५/०२/१८

## प्रेस विज्ञप्ति

समाचार संकलनका क्रममा ५ जना पत्रकारलाई प्रहरीले ६ घण्टा नियन्त्रणमा लिनुका साथै उनीहरूले क्यामेरामा खिचिएको दृश्यसमेत मेटाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

जेठ १७ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल परिसरमा दिउँसो ३:०० बजेतिर समाचार संकलन गरिरहेका अनलाइन टिभी अन्नपूर्णका पत्रकारहरू राजु सुवेदी, सर्मिला सुवेदी, विमल खड्का, राजकुमार विष्ट र विनोद देवकाटालाई प्रहरीले ६ घण्टा नियन्त्रणमा लिएर मानसिक तनाव दिनुका साथै उनीहरूले क्यामेरामा खिचिएको दृश्यसमेत मेटाएका थिए।

पत्रकारको समाचार संकलन गर्ने संविधानप्रदत्त अधिकारलाई बिर्सेर आमनागरिको सुरक्षामा तैनाथ प्रहरीबाट भएको यो ज्यादतीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको हनन् भएको महासंघको ठहर छ। महासंघ प्रहरीबाट भएको यो घटनाको कडा शब्दमा भर्त्सना गर्दछ। र, घटनाको छानबिन गरी दोषीमाथि कारवाही गर्नुका साथै पत्रकारको सुरक्षामा गम्भीर भई पत्रकारलाई निर्वाध प्रेस स्वतन्त्रताको उपभोगको वातावरण बनाउन सरकारसँग माग गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०२/२४

## प्रेस विज्ञप्ति

हाम्रा कुरा डटकममा प्रकाशित समाचारको विषयलाई लिएर अनलाइनको तीनकुनेस्थित कार्यालयमा अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनका केन्द्रीय सदस्य भूपेन्द्र शाहीको नेतृत्वमा गएको सात जनाको समुहले त्यहाँ कार्यरत पत्रकारलाई प्रकाशित समाचार हटाउन दबाब दिँदै धम्क्याएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

जेठ २३ गते साँझ ७:०० बजेतिर अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनकी अध्यक्ष तथा सांसद नविना लामाको निर्देशनमा शाहीको नेतृत्वमा गएको समुहले हुलहुज्जत गर्दै अनलाइनको समाचार कक्षमा कार्यरत रहेका नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य तथा कार्यकारी सम्पादक माधव चम्लागाईसहित अन्य पत्रकारलाई प्रकाशित समाचार तुरुन्त हटाउन दबाब दिँदै धम्क्याएका थिए भने सोही दिन दिउँसो अध्यक्ष तथा सांसद लामाले अनलाइनका प्रधानसम्पादक तथा नेपाल प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटीलाई 'समाचार नहटाए उठाइदिने तथा सत्ता र शक्तिको दम्भ देखाउदै साईबर क्राईमको मुद्दा लगाएर थुनिदिने भन्दै फोनबाट धम्की पनि दिएकी थिइन्।

प्रकाशित समाचारको बारे अध्यक्ष तथा सांसद लामाले पठाएको खण्डन प्रकाशित गरेपछि पनि कार्यालयमा समुह पठाएर पत्रकारलाई धम्क्याउनु तथा कार्यकक्षमा कार्यरत पत्रकारलाई मानसिक तनाब दिनु र फोनबाट सम्पादकलाई उठाइदिने भनी धम्की दिनु प्रेस स्वतन्त्रताको ठाडो उल्लंघन हो। अध्यक्ष तथा सांसद जस्तो जिम्मेवार पदमा रहेको व्यक्तिबाट भएको यो गैरजिम्मेवार कार्यको महासंघ कडा भर्त्सना गर्दछ। साथै, घटनाको छानबिन गरी दोषीलाई कानुनी दायरा ल्याउन र यस्ता घटना दोहोरिन नदिन तथा पत्रकारहरूको पूर्ण सुरक्षा गर्न एवं संविधानप्रदत्त प्रेसको अधिकारको निर्वाध उपभोगको वातावरण सृजना गर्न सम्वन्धित निकायसँग महासंघ जोडदार माग गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०२/२८

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघले केन्द्रीय बाल कल्याण समितिको सहकार्यमा प्रदान गर्दै आएको 'बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार' अन्तर्गत यस वर्ष पुरस्कृत गरिने पत्रकारको नामावली सार्वजनिक गरेको छ।

पुरस्कार छनौटका लागि गठित छनौट समितिको २०७५ जेठ २८ गते बसेको बैठकले पुरस्कारका लागि २०७५ वैशाख २ गतेदेखि जेठ १५ गतेसम्म प्राप्त भएका ३० आवेदनको अध्ययन तथा छानबिन गरी रेडियो, छापा, टिभी र कार्यक्रम प्रस्तोताकमध्येबाट ८ जना पत्रकारलाई प्रदान गर्ने निर्णय गरेको हो।

जसअनुसार रेडियोतर्फ रमेश दुलाल (रेडियो कान्तिपुर-उपत्यका) र मनकुमारी पुलामी (रेडियो सिद्धबाबा-मोफसल, सिन्धुली), छापामाध्यमतर्फ सुशील दर्नाल (रासस-उपत्यका) र निमेन्द्र शाही (राजधानी दैनिक-मोफसल, बाजुरा) प्रदान गरिने भएको छ। त्यस्तै टेलिभिजनतर्फ रेणुका आचार्य (नेपाल वातावरण पत्रकार समुह-उपत्यका) र अमृता अनमोल (कान्तिपुर मिडिया-मोफसल, रुपन्देही) र कार्यक्रम प्रस्तोतातर्फ दुर्गा कार्की (नेपाल वातावरण पत्रकार समुह) र गीता चिमोरिया (सिआइएन) लाई प्रदान गरिने भएको छ।

पुरस्कार छनौट समितिले आवेदनमा सामग्रीको प्रस्तुति र भाषा, विषयवस्तु छनौट तथा गहनता, विषयको सान्दर्भिकता, खोज तथा अनुसन्धान पत्रकारिता प्रयोग एवं व्यक्तिगत विवरण र अनुभवलाई आधार बनाएर मूल्याङ्कन गरेको हो।

जनही रु पच्चीस हजार राशीको यो पुरस्कार प्राप्त गर्ने पत्रकारलाई २०७५ जेठ ३१ आयोजना हुने कार्यक्रममा प्रदान गरिनेछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०२/३०

## प्रेस विज्ञप्ति

नेपाल टेलिभिजनमा विगत १२ वर्षदेखि प्रसारण हुँदै आएको 'सिधा प्रश्न नामक अन्तर्वार्तामूलक कार्यक्रममा कार्यक्रम प्रस्तोता राजु थापाले प्रश्न सोधेकै आधारमा कार्यक्रम नै बन्द गराइएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

हरेक शनिबार राति ८:४५ मा प्रसारण हुने उक्त कार्यक्रमअन्तर्गत गत शनिबार सञ्चार तथा सूचना प्रविधिमन्त्रीसँग लिइएको अन्तर्वार्ताका क्रममा प्रस्तोता थापाले मन्त्रीसँग सम्पत्ति विवरणका सम्बन्धमा प्रश्न सोधेपछि मन्त्रीकै प्रत्यक्ष निर्देशनमा उक्त कार्यक्रम बन्द गराइएको छ।

प्रश्न सोधेकै आधारमा निरन्तर रूपमा प्रसारणमा रहेको कार्यक्रम बन्द गराइनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको ठाडो हस्तक्षेप र लोकतन्त्रको उपहासका साथै प्रेसको विश्वव्यापी मान्यताविपरीतको कार्य रहेको महासंघको ठहर छ। महासंघ सरकारले नीति तथा कार्यक्रममा आफूले सञ्चारमाध्यम सञ्चालन नगर्ने प्रतिवद्धता गरेको स्मरण गराउन चाहन्छ। लोकतन्त्रमा प्रश्न सोध्ने र आफ्नो कुरा राख्न पाउने अधिकार संविधानले सुनिश्चित गरेको छ। सञ्चार जगतको हकहितको जिम्मेवारी लिनुपर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रीबाटै प्रेसलाई हतोत्साहित बनाउने गरी भएको यस्ता कार्यले सरकार प्रेस स्वतन्त्रताप्रति गम्भीर र प्रतिवद्ध नरहेको देखाउँछ छ। महासंघ यो घटनाप्रति खेद व्यक्त गर्दछ। र, तत्काल कार्यक्रम सुचारु गराई संविधानप्रदत्त प्रेसको अधिकारको सम्मान गर्न सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०३/०६

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ रौतहट शाखा सचिव राजेन्द्रकुमार क्षेत्री, सदस्य उमेशकुमार यादव र पत्रकार विनयकुमारलाल दासलाई गौर नगरपालिका-४ टिकुलिया निवासी सञ्जयकुमार सहनीको नेतृत्वको समुहले हातपात, गालीगलौज तथा आगो लगाउन खोजेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

महासंघ रौतहट शाखाका अनुसार आज विहान ८:०० बजे गौरस्थित कर्मचारी मिलन केन्द्रमा आयोजित आमसञ्चार विषयक तालिम स्थलमा सहनीको नेतृत्वमा आएका १०-१५ जनाको समुहले सचिव क्षेत्रीमाथि हातपात गरेको, सदस्य यादवलाई कालोमोसो दलेको र पत्रकार दासको साथमा रहेको १ थान मोवाइल र नगद १५ हजार लुट्नुका साथै उहाँमाथि पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेका थिए।

कुनै पनि बहानामा पत्रकारमाथि यस किसिमको घटना हुनु प्रेस स्वतन्त्रताविरोधी काम हो। महासंघ प्रेस स्वतन्त्रता विरोधी यस्ता घटनाको कडा भर्त्सना गर्दछ। र, घटनाको छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याई पत्रकारलाई पेशागत सुरक्षाको प्रत्याभूति दिलाउन स्थानीय प्रशासनसँग माग गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०३/१२

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ लोकतन्त्र, मानवअधिकार, स्वतन्त्र न्यायालय, विधिको शासन र प्रेस स्वतन्त्रताप्रति सधैं प्रतिवद्ध रहँदै आएको छ।

केही दिनयता सामाजिक सञ्जाल र केही सञ्चारमाध्यममा व्यक्त आरोप-प्रत्यारोप र टिकाटिप्पणीहरूप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ। महासंघ आमसञ्चारकर्मी साथीहरूलाई सञ्चारमाध्यममा समाचार सामग्री प्रवाह गर्दा पेशागत मर्यादा र पत्रकार आचारसंहिताको ख्याल गर्दै जिम्मेवार बन्न अपिल गर्दछ। साथै, सामाजिक सञ्जाल प्रयोग गर्दा सामाजिक सदभावप्रति सजग बन्दै पेशागत मर्यादामा ध्यान पुऱ्याउन आग्रह गर्दछ।

सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचार सामग्रीकै आधारमा पत्रकारहरूलाई पक्राउ गर्ने तथा हिरासतमा राख्ने जस्ता कार्य प्रेस स्वतन्त्रताविरुद्धको कार्य हो भन्ने महासंघको ठहर छ। सञ्चारमाध्यममा प्रकाशित/प्रसारित सामग्रीमा चित्त नबुझे अदालत वा प्रेस काउन्सिल समक्ष उजुरी गर्न महासंघ सम्बन्धित सबैमा आग्रह गर्दछ। साथै, प्रेस स्वतन्त्रता, पत्रकारको व्यावसायिक र पेशागत सुरक्षा एवं कर्तव्यप्रति सचेत र जिम्मेवार बन्नसमेत सबै सरोकारवाला निकायलाई महासंघ ध्यानाकर्षण गराउँदछ।

.................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०३/१७

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका सदस्य एवं कान्तिपुर दैनिकका सहायक वरिष्ठ उपसम्पादक यादव थपलियाको उपचारको क्रममा सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा असार १५ गते ४० वर्षको अल्पायुमै निधन भएको दुःखद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध र मर्माहत भएको छ। सामान्य ज्वरो आएर घरमा आराम गरिरहेका पत्रकार थपलियालाई ज्वरोले च्यापेपछि असार १३ गते अस्पताल भर्ना गरिएको थियो। उपचारमा संलग्न चिकित्सकहरूका अनुसार पत्रकार थपलियालाई भाइरल इन्फ्लुएन्जा भएको थियो। स्वर्गीय थपलियाका श्रीमती र २ छोरी छन्।

लामो समयदेखि पत्रकारितामा सक्रिय थपलियाले नयाँ विकल्प साप्ताहिक, जनपुकारका साप्ताहिक, खोजतलास साप्ताहिक, सन्ध्याकालीन दैनिक, स्पेसटाइम दैनिक, नयाँपत्रिका दैनिक, नागरिक दैनिक लगायतमा काम गर्नुभएको थियो। साहित्यिक क्षेत्रमा समेत क्रियाशील रहुन भएको पत्रकार थपलियाको निधनले नेपाली पत्रकारिता जगतले एक जुझारु, निर्भीक, कुशल र अनुभवी पत्रकार गुमाएको छ। नेपाल पत्रकार महासंघले यस घटनालाई नेपाली पत्रकारितता क्षेत्रको अपुरणीय क्षतिको रुपमा लिएको छ।

नेपाल पत्रकार महासंघ स्वर्गीय थपलियाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गदै मृतआत्माको चिरशान्तिको कामना गर्दछ। साथै, शोकको यस घडीमा महासंघ शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ।

.................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०३/२१

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वसचिव एवं प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठलाई मातृशोक परेको खवरले नेपाल पत्रकार महासंघ दुःखी र स्तब्ध भएको छ। श्रेष्ठकी ७७ वर्षीया माता नारायणदेवी श्रेष्ठको असार २० गते साँझ निधन भएको हो। उहाँ लामो समयदेखि बिरामी परी उपचाररत हुनुहुन्थ्यो। स्वर्गीय श्रेष्ठका दुई छोरा र दुई छोरी हुनुहुन्छ।

नेपाल पत्रकार महासंघ स्वर्गीय माताप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ। साथै, दुःखको यस घडीमा महासंघका पूर्वसचिव एवं काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठसहित शोकसन्तप्त परिवारजनप्रति महासंघ गहिरो समवेदना व्यक्त गर्दछ।

.................
रमेश विष्ट
महासचिव

**प्रकाशक** : युरोपियन युनियन र इन्टरनेशनल अलर्टको सहयोगमा नेपाल पत्रकार महासंघ, सञ्चारग्राम, तिलगंगा, काठमाडौं।
फोन : ४११२७६३, ४११२६७३, Email : fnjnepal@mail.com.np, Web: fnjnepal.org